# पूर्वाधार मन्त्रीज्यूले संसदमा दिनुभएको जवाफको संक्षिप्त विवरण

## गुनासा तथा जवाफको विस्तृत विवरण

### १. कार्यक्रमहरूमा न्यून बजेट विनियोजन भएको सम्बन्धमा

सडक, पुललगायतका कार्यक्रमहरूमा बजेट कम देखिएको भन्ने गुनासोका सम्बन्धमा तीन वर्षे लक्ष्यसहित योजना तयार गरिएको छ।

- खरिद प्रक्रियामा लाग्ने करिब १८ देखि २१ महिनाको अवधिलाई छोट्याएर ६ देखि ७ महिनाभित्र सम्पन्न गर्ने लक्ष्यसहित बजेट व्यवस्था गरिएको छ।
- योजनाहरू तीन वर्षे लक्ष्यसहित अघि बढाइएकाले वार्षिक रूपमा देखिने बजेट कम देखिएको हो।
- बजेट पुस्तिकामा रकम कम देखिए तापनि तीन वर्षे योजनाको कुल रकम साविकको भौतिक पूर्वाधारतर्फ करिब ५ खर्ब र साविकको शहरी पूर्वाधारतर्फ करिब ६ खर्ब ५० अर्ब बराबर रहेको छ।
- बजेट पुस्तिकामा २८६ अर्ब देखिए पनि तीन वर्षे कार्ययोजनासहित करिब ११ खर्ब ५० अर्ब बराबरका ठेक्का खोलिनेछ।

### २. सडक सुरक्षा, ग्रामीण सडक तथा पुलहरू समेट्ने सम्बन्धमा

सडक सुरक्षालाई उच्च प्राथमिकतामा राखिएको छ।

- सडक सुरक्षाका लागि तीन वर्षे योजनासहित ४ अर्ब ७४ करोड रुपैयाँ विनियोजन गरिएको छ।
- जिल्ला सदरमुकाम जोड्ने एक लेनका सडकहरूलाई तीन वर्षभित्र दुई लेनमा स्तरोन्नति गर्न ११ अर्ब रुपैयाँ विनियोजन गरिएको छ।
- पहिचान भएका पहिरो जोखिम क्षेत्रहरूमा संरक्षण कार्य सम्पन्न गर्न २३ अर्ब रुपैयाँ विनियोजन गरिएको छ।
- अब उप्रान्त स्तरोन्नति हुने सबै राजमार्गहरूमा अन्डरपास, ओभरपास र फ्लाईओभर सहितको निर्माणलाई प्राथमिकता दिइनेछ।
- चालु ठेक्काहरूमा सम्झौतामा भिओ वा पिएस मार्फत रोड सेफ्टी कम्पोनेन्ट जस्ता सडक सुरक्षा सम्बन्धी घटकहरू थप गरिनेछ।
- खोला-खोल्सी तथा जोखिमयुक्त स्थानहरूमा दुर्घटना न्यूनीकरणका लागि ३,००० वटा स्थानीय पुल निर्माण गर्ने लक्ष्यसहित तीन वर्षे कार्ययोजनामा ८१ अर्ब २२ करोड रुपैयाँ व्यवस्था गरिएको छ।

### ३. सडक मर्मतले प्राथमिकता नपाएको सम्बन्धमा

सडक मर्मतका लागि तीन वटा बजेट शीर्षकमार्फत रकम विनियोजन गरिएको छ।

- सडक विभागमार्फत ४४ अर्ब रुपैयाँ विनियोजन गरिएको छ।
- स्थानीय पूर्वाधार विभाग मार्फत १२ अर्ब १९ करोड रुपैयाँ विनियोजन गरिएको छ।
- शहरी विकास तथा भवन निर्माण विभागमार्फत पालिकागत रूपमा तीन वर्षे कार्ययोजनासहित १ खर्ब ७४ करोड रुपैयाँ व्यवस्था गरिएको छ।

### ४. प्रदेश केन्द्र, जिल्ला, स्थानीय तह तथा वडा केन्द्र जोड्ने सडक सम्बन्धमा

भौतिक पूर्वाधार आवश्यक रहेका दुर्गम क्षेत्रमा पूर्वाधार क्षेत्रको बजेट अभाव रहेको विषयलाई सम्बोधन गर्ने गरी विभिन्न कार्यक्रम समावेश गरिएको छ।

- सबै पालिका केन्द्र जोड्ने गरी तीन वर्षमा २,८०० किलोमिटर सडक निर्माण/स्तरोन्नतिका लागि ६३ अर्ब रुपैयाँ व्यवस्था गरिएको छ।
- सबै वडा केन्द्र जोड्ने कार्यक्रमका लागि तीन वर्षे कार्ययोजनासहित २८ अर्ब ५० करोड रुपैयाँ व्यवस्था गरिएको छ।
- शहरी तथा बजार क्षेत्रलाई समेट्न 'सघन शहरी कार्यक्रम' अन्तर्गत करिब ३०० वटा शहरका बजार व्यवस्थित गरिनेछ। यसका लागि तीन वर्षे कार्ययोजनासहित ८८ अर्ब ३३ करोड रुपैयाँ व्यवस्था गरिएको छ।
- बस्ती विकास कार्यक्रमअन्तर्गत तीन वर्षे कार्ययोजनासहित ५७ अर्ब ७१ करोड रुपैयाँ व्यवस्था गरिएको छ।

## ५. सांसदहरूबाट माग गरिएका सडक तथा पुलहरू बजेटमा समावेश नभएको सम्बन्धमा

सांसदहरूबाट माग भएका तीन वटा सडक र तीन वटा पुललगायतका योजनाहरूलाई सम्बोधन गर्ने गरी विभिन्न शीर्षकमा बजेट व्यवस्था गरिएको छ।

- वैकल्पिक सहायक राजमार्गका लागि तीन वर्षे कार्ययोजनासहित ४४ अर्ब ४० करोड रुपैयाँ व्यवस्था गरिएको छ।
- निर्वाचन क्षेत्र रणनीतिक सडकका लागि तीन वर्षे कार्ययोजनासहित २६ अर्ब ४ करोड रुपैयाँ व्यवस्था गरिएको छ।
- मापदण्डका आधारमा कृषि सडकका लागि तीन वर्षे कार्ययोजनासहित १० अर्ब ५० करोड रुपैयाँ व्यवस्था गरिएको छ।
- स्थानीय पर्यटकीय सडकका लागि तीन वर्षे कार्ययोजनासहित १० अर्ब ५० करोड रुपैयाँ व्यवस्था गरिएको छ।
- औद्योगिक सडकका लागि तीन वर्षे कार्ययोजनासहित १ अर्ब ५० करोड रुपैयाँ व्यवस्था गरिएको छ।
- काठमाडौं उपत्यकालाई लक्षित गरी धुलोरहित काठमाडौं उपत्यका कार्यक्रमका लागि काठमाडौं उपत्यका विकास प्राधिकरणमा तीन वर्षे कार्ययोजनासहित १९ अर्ब ४८ करोड रुपैयाँ व्यवस्था गरिएको छ।
- केभी 2040 सम्बन्धी योजनालाई पनि अघि बढाइनेछ।

## ६. पर्यटकीय तथा व्यापारिक राजमार्गसम्बन्धी योजना

देशको आर्थिक अवस्था उकास्ने उद्देश्यले पर्यटकीय तथा व्यापारिक राजमार्गहरूलाई प्राथमिकतामा राखिएको छ। प्रस्तावित/प्राथमिकतामा रहेका मार्गहरू यस प्रकार छन्:

- रानी–विराटनगर–किमाथाङ्का मार्ग
- वीरगञ्ज–रसुवागढी मार्ग
- भैरहवा–कोरला मार्ग
- कोइलाबास–डोल्पा मार्ग
- जमुनाह–सिमकोट मार्ग
- गौरीफन्टा–बडीमालिका मार्ग
- पूर्व–पश्चिम पर्यटकीय राजमार्ग
- अपिनाम्पा–पाथीभरा क्षेत्र जोड्ने मार्ग

यी मार्गहरूअन्तर्गत करिब ३,००० किलोमिटर सडकका लागि ६०० अर्ब रुपैयाँ लगानीको योजना रहेको उल्लेख गरिएको छ। साथै, बुटवल–पोखरा र काठमाडौं–पोखराको अध्ययन यसै वर्ष सम्पन्न गर्ने लक्ष्य राखिएको छ, जसबाट करिब दुई घण्टामा यात्रा गर्न सकिने सडक संरचना विकास गर्ने उद्देश्य छ।

## ७. खानेपानीसम्बन्धी व्यवस्था

खानेपानी सेवाको पहुँच विस्तार गर्न चरणबद्ध रूपमा कार्यक्रम अघि बढाइनेछ।

- तीन वर्षभित्र ६५ प्रतिशत जनसंख्यालाई र पाँच वर्षभित्र ९० प्रतिशत जनसंख्यालाई शुद्ध खानेपानी पुर्‍याउने लक्ष्य राखिएको छ।
- छुटेका तथा अति आवश्यक आयोजनाहरूका लागि १५ वटा शाखा कार्यालयमा कम्तीमा १० करोड रुपैयाँका दरले बजेट पठाइएको छ।
- निर्माण भइसकेका सबै ओभरहेड ट्याङ्कीमा पाइप बिछ्याउने काम यसै वर्ष सम्पन्न गरिनेछ।

## ८. खेलकुद पूर्वाधारसम्बन्धी व्यवस्था

खेलकुद पूर्वाधार विस्तारका लागि तीन वर्षे बजेटसहित विभिन्न संरचना निर्माण गर्ने योजना अघि सारिएको छ।

- ८,००० दर्शक क्षमताका १० वटा फुटबल रंगशाला निर्माणका लागि तीन वर्षे बजेटमा ५ अर्ब रुपैयाँ व्यवस्था गरिएको छ।
- ८,००० दर्शक क्षमताका ८ वटा क्रिकेट रंगशाला निर्माणका लागि तीन वर्षे बजेटमा ४ अर्ब रुपैयाँ व्यवस्था गरिएको छ।
- २,००० दर्शक क्षमताका ७ वटा इन्डोर स्टेडियममा  निर्माणका लागि तीन वर्षे बजेटमा ३ अर्ब ५० करोड रुपैयाँ व्यवस्था गरिएको छ।